# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

प्रशासन फाँट

पत्र संख्या :-२०७८/०७९

चलानी नं :-

प्राप्त प.सं. र मिति

फोन न :-४५५०३०,४५५७३१

फ्याक्स :- ०२३-४५५०८९

E-mail :- info.dcjhapa@supremecourt.gov.np

१ नं. प्रदेश नेपाल


मितिः-२०७८।०४।१०

बिषयः- वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धी सूचना

यस अदालतमा रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा देहायको शर्तको अधिनमा रही काम गर्न इच्छुक अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतको प्रशासन शाखामा स्वयं उपस्थित भई निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

विज्ञापन नं. १/०७८।७९

पदको नामः- वैतनिक कानून व्यवसायी

पद संख्याः- १ (एक)

अवधिः- १ (एक) बर्ष

मासिक पारिश्रमीकः- कानूनमा तोकिए अनुसार

<u>प्रदान गर्नु पर्ने सेवा</u>

१) अदालतले तोकेको असमर्थ पक्षका तर्फवाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, अदालती लिखत तयार गरी पेश गर्ने, गराउने आवश्यक कानून सल्लाह दिने समेतका कार्य गर्ने।

२) प्रत्येक महिना बढीमा ३ दिन भैपरी बिदा पाउने र सो दिन संचित गरी अर्को महिनामा दिन पाउने छैन।

३) बिदा स्वीकृत गराई अनुपस्थित रहेको अवस्थामा वाहेक पुरा कार्यालय समयसम्म अदालतमा उपस्थित भई कार्य गर्नु पर्ने छ।

४) अन्य शर्तहरु जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद १३ बमोजिम हुनेछ।

संलग्न हुने पर्ने कागजात

१) कानूनमा स्नातक/ स्नाकोत्तर प्रमाणपत्रको प्रतिलिपी

२) अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी

३) सम्बन्धित विषयम कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपी

४) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

छनौटको किसिमः- अन्तरवार्ता र तोकिएको अन्य आधारवाट हुने।

सम्पर्क मिति २०७८।०४।२५ गते र सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट साथै सम्पर्क मितिको दिन छनौटको प्रक्रिया तय गरिने छ।

पुनश्चः– अन्य थप जानकारीका लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।

०७८/४/१०

मदनप्रसाद पराजुली

श्रेस्तेदार